# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २६] काठमाडौं, कात्तिक ३० गते २०३३ साल [संख्या ३०

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

खर्क जग्गा राष्ट्रियकरण नियमहरू, २०३३

खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ को दफा ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "खर्क जग्गा राष्ट्रियकरण नियमहरू, २०३३" रहेको छ।

(२) यी नियमहरू ऐन प्रारम्भ भएको जिल्लामा ऐन प्रारम्भ भएको मितिदेखि प्रारम्भ हुनेछन्।

२. परिभाषाः– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

(क) "ऐन" भन्नाले खर्क जग्गा राष्ट्रियकरण ऐन, २०३१ सम्झनुपर्छ।

(ख) "समिति" भन्नाले नियम ५ बमोजिम गठित समिति सम्झनुपर्छ।

३. खर्क जग्गा गाउँ पञ्चायतको जिम्मामा दिनेः– राष्ट्रियकरण भएको खर्क जग्गालाई माल कार्यालयले सो जग्गाको चौहद्दी क्षेत्रफलसमेत खुलाई लगत राखी ऐनको दफा ५ बमोजिम गाउँ पञ्चायतको जिम्मामा दिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. खर्क जग्गाको सम्बन्धमा गाउँ पञ्चायतको जिम्मेवारी:– आफूलाई जिम्मा दिएको खर्क जग्गाको सम्बन्धमा गाउँ पञ्चायतले देहायबमोजिम काम कारवाई गर्नु पर्नेछः–

(क) आफ्नो जिम्मा आएको खर्क जग्गाको चौहद्दी क्षेत्रफलसमेत खुलाई लगत राख्ने,

(ख) खर्क जग्गा चरनको काममा बाहेक अरू काममा प्रयोग गर्न नदिने,

(ग) चरी रकम बुझाएमा खर्क जग्गामा वस्तु भाउ चराउन कसैलाई वञ्चित नगर्ने,

(घ) कुनै अवधिको लागि दामासाहीले चरी रकम निर्धारण गर्ने,

(ङ) ऐनमा तोकिएकोभन्दा बढी दरले चरी रकम नउठाउने,

(च) चरी रकमको हिसाब राखी गाउँ सभा कोषमा दाखिल गर्ने,

(छ) चरी रकमको अनुसूचीबमोजिमको रसीद दिने,

(ज) खर्क जग्गामा कसैलाई चाप्न नदिने र उन्नत जातको घाँस उमार्ने लगायत खर्क जग्गाको संरक्षण र सुधारको लागि अन्य आवश्यक काम गर्ने ।

५. समितिको गठनः– (१) ऐनबमोजिम राष्ट्रियकरण भएको खर्क जग्गाको दर्तावालालाई क्षतिपूर्ति दिने सम्बन्धमा श्री ५ को सरकारमा सिफारिश गर्न प्रत्येक जिल्लामा एउटा समिति गठन हुनेछ ।

(२) उप–नियम (१) बमोजिम गठित प्रत्येक समितिमा उप–नियम (३) मा तोकिएको सदस्यको अतिरिक्त देहायका सदस्यहरू रहनेछन्ः–

(क) प्रमुख जिल्ला अधिकारी– अध्यक्ष

(ख) जिल्ला पञ्चायत सभापति वा निजको प्रतिनिधि– सदस्य

(ग) जिल्ला किसान संगठनको सभापति वा निजको प्रतिनिधि– सदस्य

(घ) माल कार्यालय वा कोष तथा तहसील कार्यालयको हाकिम–सदस्य-सचि .

(३) उप–नियम (१) बमोजिम गठन भएको समितिको बैठकमा जुन जुन गाउँ पञ्चायत अन्तर्गत पर्ने खर्क जग्गाको क्षतिपूर्ति दिने सम्बन्धमा बैठक बस्छ सो सो गाउँ पञ्चायतका प्रधानपञ्च वा निजको प्रतिनिधि पनि सदस्य रहनेछ ।

६. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) समितिको अध्यक्षले तोकेको स्थान र समयमा समितिको बैठक बस्नेछ ।

(२) अध्यक्षको अनुमति लिई सदस्य–सचिवले बैठकमा पेश गर्ने कार्य–सूची तयार गर्नेछ ।

(३) अध्यक्ष र अरू दुईजना सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ । ६२६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मत दिन पाउनेछ ।

(५) समितिमा निर्णय भएका विषयहरू निर्णय पुस्तिकामा लेखी अध्यक्ष र सदस्यहरूको सही गराई राख्ने जिम्मेवारी सदस्य–सचिवको हुनेछ ।

(६) समितिको प्रत्येक बैठकको निमित्त समितिका सदस्यहरूलाई पच्चीस रूपैयाँका दरले बैठक भत्ता दिइनेछ ।

(७) समितिको निर्णय सदस्य–सचिवले प्रमाणित गर्नेछ ।

(८) माथि लेखिएदेखि बाहेक बैठकको अरू कार्यविधि समिति आफैले व्यवस्थित गर्न सक्नेछ ।

७. समितिको काम:– राष्ट्रियकरण भएको खर्क जग्गाको दर्तावालालाई क्षतिपूर्ति दिने सम्बन्धमा समितिले तिरो दामासाहीको आधारमा श्री ५ को सरकारमा सिफारिश पेश गर्नेछ ।

८. माल कार्यालयले क्षतिपूर्ति वितरण गर्ने:– नियम ७ बमोजिम समितिबाट सिफारिश पेश भएपछि त्यसको आधारमा श्री ५ को सरकारले खर्क जग्गाका दर्तावालाहरूलाई दिइने क्षतिपूर्तिको अंक निर्धारण गर्नेछ । त्यसरी क्षतिपूर्तिको अंक निर्धारण भएपछि माल कार्यालयले सो रकम खर्क जग्गाका सम्बन्धित दर्तावालाहरूलाई वितरण गर्नेछ ।

९. सूचना टाँस गर्ने:– राष्ट्रियकरण भएको खर्क जग्गाको क्षतिपूर्तिको रकम लिन आउन सम्बन्धित दर्तावालाहरूको जानकारीकोलागि माल कार्यालयले सूचना टाँस गर्नेछ । त्यसरी सूचना टाँस गर्दा सूचनाको एक एक प्रति राष्ट्रियकरण भएको खर्क जग्गा भएको गाउँ पञ्चायत, जिल्ला पञ्चायत कार्यालय, प्रमुख जिल्ला अधिकारीको कार्यालय र सम्बन्धित जिल्लाको मुख्य मुख्य स्थानहरूमासमेत टाँस गर्नु पर्नेछ ।

१०. माल कार्यालयको अन्य काम कारवाई:– खर्क जग्गाको सम्बन्धमा माल कार्यालयले देहायबमोजिम काम कारवाई गर्नु पर्नेछ:–

(क) राष्ट्रियकरण भएको खर्क जग्गा, दर्तावालाले राख्न पाउने हदबन्दी-भित्रको खर्क जग्गा र श्री ५ को सरकारले छुट् दिएको खर्क जग्गाको चौहद्दी क्षेत्रफलसमेत खुलाई छुट्टा छुट्टै लगत राख्ने,

(ख) खर्क जग्गामा ऐन तथा यी नियमहरूबमोजिम गाउँ पञ्चायतले गर्नु पर्ने काम कारवाई भए नभएको रेखदेख गर्ने र सोबमोजिम काम कारवाई भएको नदेखिएमा तुरून्त आवश्यक कारवाई चलाउने,

(ग) राष्ट्रियकरण भएको खर्क जग्गाको संरक्षण सुधार र चरनको लागि गाउँ पञ्चायतलाई आवश्यक निर्देशन दिनु पर्ने देखिएमा श्री ५ को सरकारमा सिफारिश पेश गर्ने ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

( नियम ४ को खण्ड (छ) संग सम्बन्धित )

चरी रकमको रसीद

... ... ... ... ... ... ... ... ... अञ्चल ... ... ... ... जिल्ला ... . ..

पञ्चायत वडा नं. ... ... ... ... ... बस्ने .... ... ... ...बाट... .. ..

सालको चरी रकम बुझेको रसीद ।

| चरनलाई स्वीकृति भएको खर्क जगा-को चौहद्दी | बुझाउनेको नाम, थर | चराउने वस्तुहरूको किसिम र नाम | संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

बुझिलिनेको सही:–

नाम, थर:–

दर्जा:–

मिति:–

आज्ञाले–

नरकान्त अधिकारी

श्री ५ को सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।